**प्रस्तावहरु**

१ अनुगमन तथा सुपरिबेक्षण समिति गठन

२ आ.व.०७३/०७४को बेरुजु फर्छयौट सम्वन्धमा ।

३ शिक्षा अनुदान बाडँफाड सम्बन्धमा ।

४ कार्यविधि कानुन सम्वन्धमा ।

५ भवनहरुको विस्तृत सर्वे डिजाइन सम्वन्धमा ।

६ महिला तथा बालबालिका लक्षित समुहको बजेट सम्वन्धमा ।

७ न्याय समिति र मेलमिलाप केन्द्रहरुको क्षामता विकास

८ चालु योजनाहरुको नाम परिर्वतन र रकमान्तर सम्वन्धमा ।

९ जन सिर्जनशिल महिला विकास राकमको प्रस्ताव सम्बन्धमा ।

१० गाई पालन कृषकहरुलाई दिइने अनुदान सम्बन्धमा ।

११ विधुतको बजेट वाडँफाड सम्बन्धमा ।

१२ लागत सहभागीता सम्वन्धमा ।

१३ अध्यक्षको जिल्ला बाहिरको भ्रमण स्वीकृत सम्बन्धमा ।

१४ गरिवी नक्सांन गर्ने सम्बन्धमा ।

१५ एकिकृत सम्पती कर,सामाजिक परिक्षण र उपभोक्ता समितिहरुको अभिमुखिकरण सम्बन्धमा ।

१६ पेश्की रकम सम्बन्धमा ।

१७. घर भाडा सम्बन्धमा ।

१८. कानुनी सल्लाहकार सम्बन्धमा ।

प्रस्ताव प्रमाणित

२०७४/९/२६

जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १- यस गाउँपालिका क्षेत्र भित्र संचालन हुने भइरहेका योजनाहरुको अनुगमन तथा सुपरिबेक्षण गर्नको लागि तपसिल बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. गाउँपालिका उपाध्यक्ष -सयोजंक

२. प्रशासन तथा योजना अनुगमन शाखा प्रमुख -सदस्य

३. सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

४. सम्बन्धित वडाको वडा समितिको एक जना वडा सदस्य -सदस्य

५. पुर्वाधार तथा वाताबरण व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं २ - आ.व.०७३/०७४ को महालेखा परिक्षकको कार्यालयले यस गाउँपालिकालाई दिएको लेखा परिक्षण प्रतिवेदनमा उल्लेखित बेरुजुहरु यथासिघ्र फर्छ्यौट गर्नको लागी आवस्यक काम कारबाही अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ३ - यस गाउँपालिकाको आ.व.०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रममा विधालय अनुदान तर्फ एकमुष्ट अनुदान वापत विनियोजित रकमलाई विधालय अनुदान कार्यविधि तयार गरि सोही अनुसार रकम विधालय खातामा जम्मा गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं ४ यस गाउँपालिकाको उपभोक्ता समिति गठन ,परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ ,घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७४ र करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाई सर्वसम्त पारित गर्ने निर्णय गरीयो ।

निर्णय नं ५ यस गाउँपालिकाका वड नं. हरु ३,५,९ र गाउँपालिकाको भवन निर्माण गर्नाको लागि कन्सल्टेन्सीबाट प्राप्त विस्तृत सर्वे डिजाइन प्रतिवेदनहरुलाई अनुमोदन गरी सोही प्रतिवेदनको आधारमा भवन निर्माण कार्यलाई अगाडी बढाउने सर्वसम्त निर्णय गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ६  यस गाउँपालिकाले आ.व.०७४/०७५ मा महिला तथा बालवालिका तर्फ विनियोजित रकम बाडँफाड गरि महिला तथा बालबालिका शाखा मार्फत कार्यक्रम संचालन गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं ७  यस गाउँपालिकाले आ.व.०७४/०७५ न्याय समिति र मेलमिलाप केन्द्रहरुको क्षामता विकास को लागी विनियोजित रकम तथा कार्यक्रम संचालन गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं ८  यस गाउँपालिकाले आ.व.०७४/०७५ को रेड बुकमा उल्लेखित तपसिलका योजनाहरुको नाम परीर्वतन र बजेट रकम रकमान्तर गर्ने सर्वसम्त निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविको योजनाहरुको नाम | साविक योजनहरुमा विनियोजित रकम रु | हाल परिवर्तित योजनाहरुको नाम रकम रु |
|---|---|---|---|
| १ | राकम साहित्य तथा कला संरक्षण | ५०००००।०० | मुग्रा बजार खानेपानी रु ४०००००।०० र बागेश्वरी मन्दिर निर्माण रु १०००००।०० |
| २ | जनकल्यान मा.वि काप्रचौर | १००००००।०० | विधालय फिल्ड निर्माण-६०५०००।०० सोलार तथा डेक्स वेन्च खरिद रु ३५००००।०० |
| ३ | धारेघर घिमाने सडक खानीखोल | - | पशन्नाउला घिमाने खानीखोला सडक |
| ४ | सिम्ता बहुमुखी क्याम्पस | १५०००००।०० | भवन निर्माण तथा फर्निचर खरिद-१५०००००।०० |
| ५ | लक्ष्मी प्रा.वि मर्मत आग्रीगाउँ | ३०००००।०० | लक्ष्मी प्रा.वि निर्माण आग्रीगाउँ-३०००००।०० |
| ६ | मन्दिर निर्माण घोरेटा | ५००००।०० | खानेपानी पाइप खरिद घोरेटा- ५००००।०० |

निर्णय नं ९  यस गाउँपालिकाले आ.व.०७४/०७५ मा वडा न. ६ मा महिला लक्षित तर्फ विनियोजित रकम रु २०००००।०० लाई जन सिर्जनशिल महिला विकास राकमले पेश गरेको प्रस्वतावमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नको लागि उक्त समुहलाई सर्वसम्त भुक्तानी दिने निर्णय गरियो ।

जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृ

निर्णय नं १० यस गाउँपालिकाले आ.व.०७४/०७५ मा वडा न. ६ र वडा नं. ५ मा पशु फारम (गाइ पालन ) तर्फ विनियोजित रकम अनुसारको योजना संचालन गर्न वडा नं.६ को पोखरेल कृषि तथा पशुपालन फर्मले पेश गरेको प्रस्ताव र वडा न.५ मा संचालित पशुपालन फर्मले पेश गरेको प्रस्ताव स्वीकृत गरि सोही अनुसार काम आगाडी बढाउने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं ११ गाउँकार्यपालिकाको मिति २०७४ साल फागुन ११ गतेको निर्णय बमोजिम कालीखोला नाड बजेडीचौर देखली काफलकोटको रु एक करोड मध्ये बजेडीचौरमा पचास लाख आग्रीगाउ देउलीमा पचास लाख छुट्टाउने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं १२ गाउँपालिको आव ०७४।०७५ को वार्षिक निति तथा बजेटमा योजनाहरु संचालन गर्दा लागत सहभागीत जनश्रमदान वापत अनिवार्य रुपमा योजनामा विनियोज गरीएको रकमको तीस प्रतिसत गर्नु पर्ने व्यवस्था भएकोमा भवन निर्माणमा जनश्रमदान दश प्रतिसित र सत प्रतिसत सामाग्री खरिद गर्ने योजनाहरुमा जनश्रमदान वाफत लागने रकम नलागने गरि योजना संचालन गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं १३ गाउँपालिका अध्यक्ष श्री कविन्द्र कुमार केसी ज्युको जिल्ला वाहिर कार्यालय कामको सिलसिलामा मिति ०७४ साल साउन १ देखी देख ०७४ साल चैत्र मसान्तको भ्रमण आदेश स्वीकृत गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं १४ यस गाउँपालिका वडा नं.१ देखी वडा नं. ९ सम्मका घर धुरीहरुको सर्वेक्षण गरी गरिवी नक्सांन गर्न अनुमती दिने सर्वसम्त निर्णय गरियो ।

निर्णय नं १५ एकिकृत सम्पती कर,सामाजिक परिक्षण र उपभोक्ता समितिहरुको अभिमुखिकरण सम्वन्धित कार्यक्रमहरु यस गाउँपालिका भित्रका सरोकारवालाहरु संग मिति २०७५ साल बैशाख मसान्त भित्र संचालन गर्ने सर्वसम्त निर्णय गरियो ।

जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं १६</u> आ.व. ०७४/०७५ मा योजनाहरुको कार्य अगाढी बढाउनको लागी नियमानुसार पेश्की रकम दिने सर्वसम्त निर्णय गरियो ।

<u>निर्णय नं १७</u> यस गाउँपालिका अन्तरगत वडा नं. ६ को जामुन बजरमा रहने शाखाहरुको लागि आवस्यक पर्ने घर भाडामा लिने सम्बन्धि कार्यलाई याथासिघ्र अगाडी बढाउने सर्वसम्त निर्णय गरियो ।

<u>निर्णय नं १८</u> यस गाउँपालिकामा सम्पादन हुने न्यायीक कार्यहरुलाई व्यवस्थित र प्रभावकारी संचालनको लागी न्याय समितिको सहयोगीको रुपमा एक जना कानुनी सल्लाहकार नियुक्ती गर्ने सर्वसम्त निर्णय गरियो ।

निर्णय प्रमाणित

०७४।१२।२८.

जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत